आज मिति २०७७।०८।१७ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको ११०औं बैठक बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री ध्रुवराज आचार्य - प्रमुख प्रशासकीय अधिकृत
४. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं- १
५. श्री सन्तोष सुवेदी - " २
६. श्री पशुराम राई - " ३
७. श्री चरण कुमार राई - " ४
८. श्री देवनारायण चौधरी - " ५
९. श्री कुमलध्वज राई - " ६
१०. श्री तेजराज तिम्सिना - " ७
११. श्री श्याम कुमार मगर - " ८
१२. श्री प्रकाश राउत - " ९
१३. श्री राम कुमार खड्का - " १०
१४. श्री देवी कार्की - न० का० सदस्य
१५. श्री जानुका कमर - "
१६. श्री मदन कुमारी कार्की - "
१७. श्री विमला राई - "
१८. श्री अस्मिता नेपाली - "
१९. श्री प्रमिला पनुवार - "
२०. श्री सुन्दरप्रकाश श्रेष्ठ - "

प्रस्तावहरु

१. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
२. कोभिड व्यवस्थापनको लागि VTM र P.P.E. सेट खरिद सम्बन्धमा ।
३. विज्ञापन कर संकलन सम्बन्धमा ।
४. वालुवा उत्खनन तथा निकासी सम्बन्धमा ।

Scanned with CamScanner

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम यस नगर क्षेत्रमा रहेका सम्बन्धित लक्षित वर्गको घरको छाना निर्माणको लागि चालु आ०व० मा ३०५ घरको लागि कार्यक्रम स्वीकृत भई आएको हुँदा यस न.पा. का सबै वडाबाट लाभग्राही छनौट गर्नको लागि वडाकार्यालयमार्फत १५ दिने सूचना आव्हान गर्ने निर्णय गरियो । साथै लाभग्राहीको छनौट सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम गर्ने गराउने निर्णय गरियो ।

**नि.नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. ले यस न.पा. को वडा नं. ६ बेंसीमा संचालित कोभिड अस्पताल (आइसोलेसन सेन्टर) मा उपचाररत बिरामी साथै कन्ट्याक ट्रेसिङ्गमा रहेका बिरामीहरुको कोरोना परीक्षणको लागि स्वाब नमूना संकलन गर्ने गरेको र सो को लागि आवश्यक VTM र PPE सेट न.पा. मा सकिएको हुँदा न.पा. को कोभिड तर्फको रकमबाट रु. ५००,०००।- बराबरको VTM र PPE सेट तत्काल खरिद गर्ने निर्णय गरियो ।

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा विभिन्न सेवा तथा उत्पादन बिक्रीवितरणको लागि विभिन्न होर्डिङ्ग बोर्ड तथा भित्तेलेखनमार्फत यस नगर क्षेत्रमा विज्ञापन गर्ने फर्म तथा कम्पनीहरुबाट कर संकलन गर्ने प्रयोजनको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै चालु आ०व० को लागि रु. ५०.०००।- नघट्ने गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाले नगर क्षेत्रका खोला तथा नदिहरूबाट प्राकृतिक स्रोत नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा संकलन बिक्रिवितरण गर्ने सम्बन्धमा प्रक्रिया पुरागरी ठेक्का आव्हान गरेकोमा ढुंगा र गिट्टीको ठेक्का लागेको र बालुवाको हकमा पुनः सूचना गर्दा समेत ठेक्का नलागेको साथै हाल नेपाल सरकारबाट हाललाई कुनै पनि प्रकारका नदिजन्य पदार्थहरू उत्खनन नगर्न रोक लगाएको तर हाल व्यक्तिहरूले घर निर्माण गर्ने साथै सार्वजनिक विकास निर्माणका कामहरु समेत संचालन गर्ने बेला भएकोले नगर क्षेत्रका नागरिकहरूले घर-निर्माण लगायतका आन्तरिक प्रयोजनको लागि खोलाबाट बालुवा उठाउने गरेको हुँदा त्यसरी बालुवा लैजाँदा राजस्वको समेत चुहावट हुने भएकोले अर्को व्यवस्था नभए सम्मको लागि आन्तरिक खपत प्रयोजनमा उत्खनन तथा निकासी हुने बालुवाको राजस्व शाखाले कर्मचारी खटाई संकलन गर्ने निर्णय गरियो।